कृषि-मौसम सल्लाह बुलेटिन

[Agro-met Advisory Bulletin (AAB)]

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
नेपाल मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१२, अंक-२९ | अवधिः १३-१९ कात्तिक, २०८३ | १३ कात्तिक, २०८३

मौसमी सारांशः


- गत साता पश्चिमी वायुको आंशिक प्रभावले कोशी प्रदेशका एक दुई केन्द्रहरूमा हल्का वर्षा मापन भएको छ। मापन भएका केन्द्रहरूमा सरदरभन्दा कम वर्षा भएको छ। सबैभन्दा बढी कोशी प्रदेशको धनकुटा जिल्लाको पाख्रिवास केन्द्रमा ०.६ मिलिमिटर साप्ताहिक कुल वर्षा मापन भएको छ। गत साता देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी साप्ताहिक औसत अधिकतम तापक्रम मापन भएका र केही केन्द्रहरूमा सरदरभन्दा कम साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएका छन्।
- देशभर पश्चिमी वायुको प्रभाव रहनेछ। साताको सुरूमा बङ्गालको खाडीमा विकसित चक्रवात "अर्नब" को अवशेष (न्यून चापीय प्रणाली) को समेत प्रभाव रहनेछ।
- हिमाली भू-भागः कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा; मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा धेरै स्थानमा र मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। साताको सुरूमा सबै प्रदेशका थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना छ।
- पहाडी भू-भागः कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा; मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा धेरै स्थानमा; मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। साताको सुरूमा कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली प्रदेशका थोरै स्थानमा र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- तराई भू-भागः कोशी प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा; मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ। मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्मको वर्षा; मध्यमा एक-दुई स्थानमा हल्का वर्षा तथा सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा धेरै स्थानमा मध्यमसम्मको वर्षा र मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ। साताको सुरूमा मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा हावाहुरीको समेत सम्भावना छ। साताको सुरूमा कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। सबै प्रदेशमा साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सुसमेत लाग्ने सम्भावना छ।
- अधिकतम र न्यूनतम तापक्रम साताको मध्यबाट बढ्ने सम्भावना छ। यस साता न्यूनतम तापक्रम देशभर औसतभन्दा माथि रहनेछ। देशको पूर्वी भू-भागमा र पहाडी भू-भागमा अधिकतम तापक्रम औसतभन्दा माथि रहने तथा मध्य र पश्चिमी भू-भागको हिमाली र तराई भू-भागमा औसतभन्दा कम रहनेछ।

कृषि सारांश

- धानबाली, फलफूल बगैंचा, नर्सरीहरू, तरकारी बाली र उखुबाली लगायतका खडाबाली लगाइएका जग्गाबाट पानी निकासको व्यवस्था गर्नुहोस्।
- नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मौसमको अवस्था हेरी प्राविधिकको सल्लाहअनुसार काट्नुहोस्।
- भारी वर्षा र हावाहुरीबाट लडेको, पाकेको धानलाई सक्दो चाँडै काटेर, थ्रेश गरी र दाना सुकाइ बिक्री गर्नुहोस्। भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी बिक्री गर्ने वा चिउरा, भुजा बनाइ प्रयोगमा ल्याउनुहोस्।
- बाला पसाएका र नपाकेका धानखेतमा गराको विभिन्न ठाउँबाट कुलेसो काटी जतिसक्दो चाँडो पानी निकासको प्रबन्ध गर्नुहोस्।
- यसअघि नै काटेर खेतमै छोडेको भए धानको पाँजोलाई अग्लो ठाउँ जस्तै- आली, कान्लामा सुकाउनुहोस्। साथै, बाला छिटो सुकाउन नल (पराल) बाट छुट्याउनुहोस्।
- लडेको धानको बोटलाई बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बालालाई सुकाउनुहोस्।


- चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिँजाइ पंखाले हावा दिई बेला-बेलामा चलाइ घाममा सुकाउने वा उपलब्ध धान सुकाउने मेशिनहरू प्रयोग गर्नुहोस्।
- धानको बीउ छनोटको लागि बोट नढलेका, एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरी राम्रोसँग घाममा सुकाएर १२% आसपासको चिस्यान कायम हुनेगरी भण्डारण गर्नुहोस्।
- गहुँवालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते (नोभेम्बर १०) भित्र र तराईमा मंसिर १ देखि २५ गते (डिसेम्बर १०) भित्र गहुँ छरिसक्नुहोस्।
- पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरू: स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका गणुस्तरीय बीउ (६.० केजी प्रतिरोपनीका दरले) भाइटाभ्याक्स-२०० वा कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिकेजी बीउका दरले उपचार गरेर छर्नुहोस्।
- पहाडको लागि सिफारिस मुसुरोका जातहरू: शिशिर, सिमल, शिखर, शितल, महेश्वर भारती, सगुन, खजुरा मुसुरो ३ मध्ये उपलब्ध जातको गणुस्तरिय बीउ २ केजी प्रतिरोपनीका दरले हारदेखि हारको दूरी २५ सेन्टिमिटर कायम गरी लगाउनुहोस्। बीउ रोप्नुअघि शुरुमा ढुसीनाशक बिषादी-बेभिष्टिन २ ग्राम प्रतिकेजी बीउको दरले र त्यसपछि राईजोवियम जीवाणुले उपचार गर्नुहोस्।
- मध्यम तथा पछौटे जातका ओखर पाक्ने समय भएकोले नियमितरूपमा बर्गैंचा अवलोकन गरी दानाहरू सङ्कलन गर्ने, सफा गर्ने र सुकाएर बजार लैजानुहोस्।
- राम्रोसँग परिपक्व भएको किवी फल चोटपटक नलाग्नेगरी टिप्नुहोस् र क्रेट वा बास्केटमा राखी सुरक्षित तरिकाबाट बजार लैजानुहोस्।
- सुन्तलाजात फलफूलको नर्सरीमा बिजु विरुवा उत्पादन गर्नको लागि आवश्यक पर्ने बीउ र कलमी विरूवा उत्पादनको लागि तीनपाते सुन्तलाको बीउ प्लाष्टिक घरभित्रको नर्सरीमा जमाउनुहोस्।
- तराई, भित्री-मधेश तथा बेंसीमा हिउँदे आलुका सिफारिस जातहरूको बीउ भरपर्दो स्रोतहरूबाट व्यवस्था गरी हावा खेल्ने ओभानो ठाउँमा फिँजाएर हरियो टुसा आउन दिनुहोस्। यसरी टुसाएको आलु रोप्नुहोस्।
- धान काटेपछि धानको गाँजमा शून्य खनजोत प्रविधिबाट लसुन खेती गर्नसकिने भएकोले धानको गाँजमा सिसाकलम साइजको किलाले प्वाल बनाइ हरेक प्वालमा लसुनको बीउ (केस्रा) ठाडो हुने गरी रोप्नुहोस्। यसपछि जमिन ढाकिनेगरी खर वा परालले छापो लगाउनुहोस्।
- वर्षातको अवधिभर पशुचौपायालाई ओसारपसार नगर्नुहोस्।
- गोठमा जमेको हिलो हटाइ भुइँमा चुना वा फिनाइल छर्कनुहोस् र गोठलाई ओभानो राखुहोस्।
- भिजेको वा ढुसी परेको घाँस, पराल र दाना पशुचौपायालाई नखुवाउनुहोस्। दाना, घाँसका कारण पेट फुलेमा अफानिल वा ब्लोटोसिल झोल औषधि गाईभैंसीलाई ५० देखि १०० एमएल र भेडाबाख्रालाई २० देखि २५ एमएल दिनको १ पटकका दरले ५ दिनसम्म खुवाउनुहोस्।
- वर्षातको समयमा पानीका मुहानहरू दूषित भई जीवाणु र परजीवीको संक्रमण बढ्ने भएकाले १-२ थोपा क्लोरिन प्रतिलिटर पानीका दरले शुद्धीकरण गरेर मात्र पिउन दिनुहोस्।
- कुखुरा वा सुँगुर, बंगुरहरूमा ढुसीजन्य संक्रमण भएमा लिभर टोनिकहरू खुवाउनुहोस्। साथै ६-८ लिटर पानीमा १ ग्राम नीलोतुथो राम्रोसँग घोलेर ५-७ दिनसम्म खुवाउनुहोस्।
- अहिलेको मौसम कुखुरामा कक्सिडियोसिस (रक्तमासी) रोग फैलिन अनुकूल रहेकोले खोरको सोत्तर सुख्खा राखुहोस्। कुखुराले रातो वा रगत मिसिएको दिसा (छेरेको) गरेमा एम्प्रोलियम वा सुपरकक्स औषधि प्राविधिकको सल्लाहबमोजिम खुवाउनुहोस्।
- पंगास माछाले चिसो मौसम सहन नसक्ने हुँदा बिक्रीयोग्य साइजको माछालाई अलग्गै व्यवस्था गरी (छुट्टयाइ) बिक्री गर्दै जानुहोस् र बाँकी माछालाई करिब २-२.५ मिटर गहिरो पोखरीमा स्टकिंग गर्नका लागि आवश्यक तयारी गर्नुहोस्।
- मौसमसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नेपाल मौसम विज्ञान विभागको फोन नम्बर ११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशुसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर ११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

गत हप्ता (६-१२ कात्तिक, २०८३) को मौसमी सारांश




साप्ताहिक वर्षाः गत साता ९६ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार कोशी प्रदेशका एक-दुई केन्द्रहरूमा हल्का वर्षा मापन भएको छ। मापन भएका केन्द्रहरूमा सरदरभन्दा कम वर्षा भएको छ। सबैभन्दा बढी कोशी प्रदेशको धनकुटा जिल्लाको पाखीवास केन्द्रमा ०.६ मिलिमटर साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।



साप्ताहिक अधिकतम तापक्रमः गत साता १११ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। मधेश प्रदेशका एक-दुई केन्द्रहरूमा ३५.० डि.से भन्दा बढी र अन्य तराईका अधिकांश केन्द्रहरूमा ३०.० डि.से भन्दा बढी साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। मधेश प्रदेशको सिराहा जिल्लाको लाहान केन्द्रमा सबैभन्दा बढी ३६.६ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।



साप्ताहिक तापक्रमः गत साता ११२ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार देशका केही केन्द्रहरूमा सरदरभन्दा कम तापक्रम मापन भएको छ। हिमाली भू-भागका एक-दुई केन्द्रहरूमा शून्य डि.से भन्दा कम न्यूनतम तापक्रम मापन गरिएको छ भने तराईका अधिकांश केन्द्रहरूमा १५.० डि.से भन्दा बढी साप्ताहिक औसत न्यूनतम तापक्रम मापन गरिएको छ। कर्णाली प्रदेशको जुम्ला जिल्लामा रहेको जुम्ला एयरपोर्ट केन्द्रमा सबैभन्दा कम -१.२ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

नोटः *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशतभन्दा कम देखि १० प्रतिशतभन्दा बढीको वर्षालाई जनाउँछ।*
(ख) सरदर अधिकतम/ तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से.भन्दा कम देखि ०.२ डि.से.भन्दा बढीको तापक्रमलाई जनाउँछ।
(ग) वर्षा र तापक्रमको अवधि गत साताको शुक्रबारदेखि विहीवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको विहीवारदेखि बुधवारसम्मको तथ्यांकलाई लिएर नक्सा तयार गरिएको छ।

आगामी साता (१३-१९ कात्तिक २०८३) को मौसमी परिदृश्य

प्रदेश	भौगोलिक क्षेत्र	वर्षा/ हिमपात	अधिकतम तापक्रम	न्यूनतम तापक्रम	बदली हुने अवस्था	महत्वपूर्ण मौसम	कैफियत (मौसम प्रणाली)
कोशी प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना
	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना
मधेश प्रदेश	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ/ हावाहुरी	साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्मको वर्षा, मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना
बागमती प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना
	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ/ हावाहुरी	साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्मको वर्षा, मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना
गण्डकी प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना

	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ/ हावाहुरी	साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्मको वर्षा, मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना
लुम्बिनी प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना
	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्यमा आंशिक बादल र अन्त्यमा मौसम मुख्यतया सफा	मेघगर्जन/ चट्याङ/ हावाहुरी	साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्मको वर्षा, मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना
कर्णाली प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा धेरै स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा धेरै स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षाको सम्भावना
सुदूरपश्चिम प्रदेश	हिमाल/ उच्चपहाड	मध्यम/भारी हिमपात/वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल	मेघगर्जन/ चट्याङ	साताको सुरूमा धेरै स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना
	पहाड	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्यमा आंशिक बादल र अन्त्यमा मौसम मुख्यतया सफा	मेघगर्जन/ चट्याङ	साताको सुरूमा धेरै स्थानमा, मध्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना
	तराई	मध्यम/भारी वर्षा	साताको मध्यबाट बढ्ने	साताको मध्यबाट बढ्ने	साताको सुरूमा अधिकांश बादल, साताको मध्यमा आंशिक बादल र अन्त्यमा मौसम मुख्यतया सफा	मेघगर्जन/ चट्याङ	साताको सुरूमा धेरै स्थानमा मध्यमसम्मको वर्षा, मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना; साताको सुरूमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा थोरै स्थानमा बिहानीपख हुस्सु लाग्ने सम्भावना

नोट: *साताको सुरूले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमानसम्बन्धी विस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* http://www.dhm.gov.np/mfd *हेर्नुहोस्।*

कृषि सल्लाह

खाद्यान्नबाली

- धानबाली, फलफूल बगैंचा, नर्सरीहरू, तरकारी बाली र उखुबाली लगायतका खडाबाली लगाइएका जग्गाबाट पानी निकासको व्यवस्था गर्नुहोस्।
- बाला पसाएका र नपाकेका धानखेतमा गराको विभिन्न ठाउँबाट कुलेसो काटी जतिसक्दो चाँडो पानीको निकास गर्नुहोस्।
- राम्रो निकास नभएका खेतमा खेतको चारैतिर नाला (trench) खनी त्यसभित्र पानीलाई एकिकृत गरी खेत सुकाउनुहोस्।
- यसअघि नै काटेर खेतमै छोडेको भए धानको पाँजोलाई अग्लो ठाउँ जस्तै-आली, कान्लामा सुकाउनुहोस्। साथै, बाला छिटो सुकाउन नल (पराल) बाट छुट्याउनुहोस्।



चित्र नं-१: लडेको धानको बोटलाई बाँधेर खडा गर्ने तरिका

- लडेको धानको बोटलाई चित्र नं-१ मा देखाइएअनुसार बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बालालाई चित्र नं-२ मा देखाइएअनुसार सुकाउनुहोस्।



चित्र नं.-२: धान सुकाउने तरिका

- नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मौसमको अवस्था हेरी प्राविधिकको सल्लाहअनुसार काट्नुहोस्।
- भारी वर्षा र हावाहुरीबाट लडेको, पाकेको धानलाई सक्दो चाँडै काटेर, थ्रेश गरी र दाना सुकाइ बिक्री गर्नुहोस्। भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी बिक्री गर्ने वा चिउरा, भुजा बनाइ प्रयोगमा ल्याउनुहोस्।
- चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिँजाइ पंखाले हावा दिई बेला-बेलामा चलाइ घाममा सुकाउने वा उपलब्ध धान सुकाउने मेशिनहरू प्रयोग गर्नुहोस्।
- धानको बीउ छनोटको लागि बोट नढलेका, एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरी राम्रोसँग घाममा सुकाएर भण्डारण गर्नुहोस्।
- लागत न्यूनीकरण एवं कम समयमै धान भित्र्याउन (मौसमले गर्नसक्ने क्षति न्यून गर्न) उपलब्ध मेशिनहरू (रिपर, कम्बाईन हार्भेस्टर, थ्रेसर) इत्यादी प्रयोग गर्नुहोस्।



चित्रः ट्रेक्टर चालित रीपर



चित्र :कम्बाईन हार्वेस्टर

- कम्बाइन हार्भेष्टरले धान काट्दा खेतमा छोडेको पराल जलाउँदा खेत र वातावरणमा प्रतिकूल प्रभाव पार्ने तथा पशु आहारामासमेत असर पार्ने



चित्रः स्वचालित रीपर



चित्रः ब्रस कटर

हुँदा बेलर मेसिन अथवा अन्य विधिहरूबाट पराल जम्मा गर्नुहोस्। साथै यस्ता खेतमा टर्बो सिडर प्रयोग गरी गहुँ छरी लागत खर्च घटाउनुहोस्।


चित्रः पराल जम्मा गर्न बेलर मेसिनको प्रयोग

- धानबालीमा ब्याक्टेरियाबाट लाग्ने डढुवा रोग (Bacterial blight) व्यवस्थापनको लागि धानको टुप्पो नकाट्नुहोस्। घाउ चोट लागेका ठाँउबाट रोग छिटो फैलिने हुनाले बोटलाई सकभर घाउ चोट लाग्नबाट बचाउनुहोस्। रोगको लक्षण देखिएमा एग्रीसिन (स्ट्रेप्टोमाइसिन सलफेट ९% र टेट्रासाइक्लिन हाइड्रोक्लोराइड १%) १ ग्राम प्रतिलिटर पानीको दरले ७-१० दिनको फरकमा २ देखि ३ पटकसम्म सम्पूर्ण पातहरू भिज्नेगरी छर्कनुहोस्।



चित्रः धानको पातमा ब्याक्टेरियाबाट लाग्ने डढुवा रोगको लक्षण

- धानमा कालोपोके रोग लागेमा रोगग्रस्त बाला संकलन गरी नष्ट गर्ने साथै धानको बाला निस्कने (Booting stage) र फूल फुल्ने (Flowering stage) मा गरी दुईपटक टेबुकोनाजोल ५०% डब्लुजी र ट्राइफ्लोक्सिस्ट्रोबिन २५% डब्लु/डब्लु ०.५ ग्राम प्रतिलिटर पानीको घोलमा वा प्रोपिकोनाजोल २५ % ईसी १ एमएल प्रतिलिटर पानीमा घोलेर मौसमको अवस्था हेरी छर्कनुहोस्।



चित्रः धानमा कलोपोके रोग लागेको


चित्रः धानको बालामा डर्टी प्यानिकल रोग लागेको

- मध्यपहाड र भित्री तराईका विभिन्न ठाँउका धानबालीमा विभिन्न ढुसीहरूका कारणले गर्दा लाग्ने डर्टी प्यानिकल रोगको समस्या देखिएमा २ ग्राम कार्बेन्डाजिम १२%+ म्यान्कोजेब ६३% डब्लुपी वा ०.५ ग्राम टेबुकोनाजोल ५०%+ ट्राइफ़्लोक्सिस्ट्रोबिन २५% डब्लु/डब्लु वा १.५एमएल हेक्जाकोनाजोल प्रतिलिटर पानीको दरले रोग देखिनासाथ ८-१० दिनको फरकमा १-२ पटकसम्म धानका बालाहरू भिज्नेगरी छर्कनुहोस्।
- गहुँबालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते (नोभेम्बर १०) भित्र र तराईमा मंसिर १ देखि २५ गते (डिसेम्बर १०) भित्र गहुँ छरिसक्नुहोस्।
- उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरू- मुडुले-१, हिमगंगा, तिला, सुर्मा, च्याखुरा, मुनाल तथा जौबालीका सिफारिस जातहरू; मुक्तिनाथ, सोलु उवामध्ये उपलब्ध जातको गणुस्तरीय बीउ (६.० केजी प्रतिरोपनीको दरले) भाइटाभ्याक्स-२०० वा कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिकेजी बीउका दरले उपचार गरेर छर्नुहोस्।
- पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरू: स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका बीउलाई भाइटाभेक्स २ ग्राम प्रतिकेजी बीउका दरले उपचार गरेर मात्र छर्नुहोस्।
- गहुँबालीको लागि नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-२) अनुसारको मलखाद प्रयोग गर्नुहोस्।

- तराई तथा भित्री मधेशको लागि हिउँदे मकैका सिफारिस जातहरू मनकामना-१, अरूण-३, अरूण-४, अरूण -६, रामपुर हाइब्रिड-२, रामपुर हाइब्रिड-४, रामपुर हाइब्रिड-६, रामपुर हाइब्रिड-८, रामपुर हाइब्रिड-१०, खुमल हाइब्रिड मकै-२ साथै सूचीकृत जातहरू मध्येबाट उपलब्ध जात छनौट गरी हाइब्रिडका लागि १.०-१.२५ केजी प्रतिरोपनी वा ०.६-०.८ केजी प्रतिकट्ठा र अन्य जातका लागि १-१.५ केजी प्रतिरोपनी वा ०.६-१.० केजी प्रतिकट्ठा बीउको दरले हाइब्रिडका लागि ६० x २५ र अन्यका लागि ७५ x २५ सेन्टिमिटर क्रमशः हारदेखि हारको र बोटदेखि बोटसम्मको दूरी कायम गरी रोप्नुहोस्।
- मकैबालीमा नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-३) अनुसारको मलखाद प्रयोग गर्नुहोस्।
- हिउँदे मकैबालीमा फौजी कीरा (Spodoptera frugiperda) बाट हुने क्षति कम गर्नको लागि गहिरो गरेर जमिन खनजोत गर्ने, खोस्टाले राम्रोसँग घोगा छोपिने जातहरू लगाउने, समयमै रोप्ने, निश्चित ठाउँमा सबैले एकै समय वा एक हप्ताभित्र नै मकै रोप्ने, मकैमा अन्तर बालीको रुपमा कोसेबाली लगाउने गर्दा यस कीराको प्रकोप कम हुन्छ। सिफारिस मात्रामा मल प्रयोग गरी बिरुवालाई स्वस्थ्य बनाउने जस्ता उपायहरू अपनाउनुका साथै मकैको दुई पाते अवस्थाबाट नै यस कीराको नियमित अनुगमन गर्नुहोस्।
- मध्यपहाडको लागि सिफारिस गरिएका तोरीको जात: लुम्ले तोरी-१, पश्चिमी उपत्यकाको लागि प्रगति र सुर्खेत स्थानीय तोरी-३, बेंसीको लागि उन्नति र प्रितीमध्ये उपलब्ध जात ०.५ केजी प्रतिरोपनी वा ०.३४ केजी प्रतिकट्ठा बीउका दरले छर्नुहोस्। रोगको प्रकोप कम गर्न कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिकेजीको दरले बीउ उपचार गर्नुहोस्। जग्गा तयारीको बेला ५०० केजी कम्पोष्ट; १.६ केजी युरिया; ४.४ केजी डीएपी; १.७ केजी म्युरेट अफ पोटास; ७४० ग्राम बोरेक्स प्रतिरोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- कोदोबालीको बीउ छनौटको लागी मौसम सफा भएपछि निरोगी बोटहरूबाट बाला छान्नुहोस्।
- कोदोबालीमा मरुवा रोग (Blast) देखापर्ने बित्तिकै व्यवस्थापनका लागि ट्राइसाइक्लाजोल ७५% डब्लुपी २ ग्राम प्रतिलिटर पानीका दरले प्रत्येक १२-१४ दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोटहरू भिज्नेगरी छर्कनुहोस्।
- पहाडको लागि सिफारिस मुसुरोका जातहरू- शिशिर, सिमल, शिखर, शितल, महेश्वर भारती, सगुन, खजुरा मुसुरो ३ मध्ये उपलब्ध जातको गुणस्तरिय बीउ २ केजी प्रतिरोपनीका दरले हारदेखि हारको दूरी २५ सेन्टिमिटर कायम गरी लगाउनुहोस्। बीउ रोप्नुअघि शुरुमा ढुसीनाशक बिषादी-बेभिष्टिन २ ग्राम प्रतिकेजी बीउको दरले र त्यसपछि राईजोवियम जीवाणुले उपचार गर्नुहोस्। जग्गा तयारीको बेला कम्पोष्ट वा गोठेमल ३०० केजी, डिएपी ४.४ केजी, युरिया ०.५ केजी, र म्युरेट अफ पोटास १.४ केजी प्रतिरोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस्।

फलफूलबाली

- विभिन्न फलफूल तथा तरकारी बालीहरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्नसक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुका साथै कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा घोलेर नर्सरी ब्याड भिज्नेगरि छर्कनुहोस्।
- यस समयमा फलफूल बालीहरू (मेवा, आँप, आदि) का बोटमा मिलीबग कीराबाट नोक्सानी हुने भएकोले बगैंचाको नियमित अवलोकन गर्नुहोस्। कीरा व्यवस्थापनको लागि बगैंचामा जमेको पानी निकासको प्रबन्ध गर्नुहोस्। झारपात र कीरा लागेका बिरुवाका अवशेष हटाएर नष्ट गर्नुहोस्। साथै रुखको फेदमा प्लाष्टिक (२० सेन्टीमिटर चौडा) अथवा बोर्डोपेष्ट [१:१:१० को अनुपातमा नीलोतुथो, चुन (Quick lime) र पानी मिसाइ] बोटको फेदमा ३-४ फीटसम्म पेन्ट गरी जमिनबाट बोटमा घस्रेर चढ्ने मिलीबग कीराको आवागमन रोक्ने व्यवस्था गर्नुहोस्।



चित्रः मिलीबग कीरा व्यवस्थापनका उपायहरू

- मध्यम तथा पछौटे जातका ओखर पाक्ने समय भएकोले नियमितरूपमा बगैंचा अवलोकन गरी दानाहरू सङ्कलन गर्ने, सफा गर्ने र सुकाएर बजार लैजानुहोस्।
- राम्रोसँग परिपक्व भएको किवी फल चोटपटक नलाग्नेगरी टिप्नुहोस् र क्रेट वा बास्केटमा राखी सुरक्षित तरिकाबाट बजार लैजानुहोस्।
- स्याउको व्यावसायिक गुणस्तर कायम राख्न फलको रंग, कडापन, बीउको परिपक्वता र जात अनुसारको उचित टिएसएस (TSS) मात्रा (जस्तैः रेड/रोयल डेलिसियस १०-११, गोल्डेन डेलिसियस र गाला १२, तथा फुजी १६ डी. ब्रिक्स) जाँच गरेर मात्र फलमा चोट नलाग्ने गरी टिप्नुहोस्। टिपिसकेपछि तुरुन्तै शीतल छहारीमा राखिएका फलहरूलाई राम्रोसँग सफा र ग्रेडिङ गरी, भण्डारण क्षमता बढाउन क्यालिसियम क्लोराइडले उपचार गर्नुहोस्। फललाई सुरक्षित राख्न स्टाइरोफोम जालीमा बेरेर, हरेक तहमा डेकप्लेट राखी १० केजी अट्ने ५ प्लाइ १६० पिएसआई क्षमताका भेन्टिलेसनयुक्त कार्टुनहरूमा प्याक गरी उपयुक्त ढुवानीका साधनद्वारा जतिसक्दो छिटो गन्तव्यमा पुऱ्याउनुहोस्।
- स्याउ बगैंचामा फल टिपिसकेपछि पनि कत्ले कीराले नोक्सानी गरिरहने हुँदा यसको व्यवस्थापनको लागि मौसम सफा भएपछि खनिज तेल ५-८ एमएल प्रतिलिटर पानीमा मिसाइ कीरा लागेको भाग भिज्नेगरी सात दिनको फरकमा तीनपटकसम्म छर्कनुहोस्।
- सबै किसिमका कलमी गरेका फलफूलहरूको रुटस्टकबाट पलाएका सकरहरूले सायनभन्दा बढी खाद्यतत्व लिन्छन् र सकरहरू मात्र हर्लक्क बढ्ने भएकाले नर्सरीको नियमित अनुगमन गरी यस्ता सकरहरूलाई समयमा नै हटाउनुहोस्।
- राम्रोसँग छिप्पिएको एभोकाडो फल चोटपटक नलाग्ने गरी टिप्नुहोस्। सामान्य चोट लागेमा पनि फल कुहिने र बिग्रिने डर हुनाले क्रेट वा बास्केटमा राखी सुरक्षित तरिकाले बजार लैजानुहोस्।
- सुन्तलाजात फलफूलको नर्सरीमा बिजु विरुवा उत्पादन गर्नको लागि आवश्यक पर्ने बीउ र कलमी विरूवा उत्पादनको लागि तीनपाते सुन्तलाको बीउ प्लाष्टिक घरभित्रको नर्सरीमा जमाउनुहोस्।
- सुन्तलाजात फलफूलको बोटको टुप्पो सुक्दै आउने, जरा र फेद कुहिने, पहेंलिने, बोट मर्ने रोग देखिएमा यसको व्यवस्थापनको लागि मौसममा सुधार आएपछि निम्न विधिहरू अपनाउनुहोस्।
  - रोगी बोटहरूको पातको नमुना लिई मान्यता प्राप्त प्रयोगशालाहरूमा सिट्रस ग्रिनिंग रोग (ब्याक्टेरियाजन्य) तथा सिटिभी (भाइरसजन्य) रोग लागे-नलागेको परीक्षण गराउनुहोस्।
  - सुन्तलाको फेद कुहिने समस्याको लागि एन्टिरट १०-१५ एमएल प्रतिलिटर पानीमा घोली वृद्दि भइसकेको पातमा १२ लिटर प्रतिबोटको दरले बोटको पुरै पात भिज्नेगरी छर्कनुहोस्। यदि १ वर्ष पुरानो बोट हो भने ५-१० एमएल प्रतिलिटर पानीमा घोली छर्कनुहोस्।
- सुन्तलाजात फलफूलको क्याङकर (Citrus canker) रोगको समयमा नै पहिचान र उचित व्यवस्थापन गर्न सकिएन भने ठूलो आर्थिक क्षति हुन जान्छ। जीवाणु भित्र पसेको ठाँउमा पात, फल वा कलिला हाँगामा अत्यधिक कोशिकाको संख्या वृद्धि भएर खत (canker) देखापर्छ र खतहरू छिप्पिँदै गएपछि खैरो रङमा परिणत हुन्छन्। यस रोगको व्यवस्थापनका लागि मौसममा सुधार आएपछि बगैंचा सफा राख्ने, हिउँदमा रोगी हाँगाहरू काँटछाँट गरी हटाइ जलाइदिने, काँटछाँटपछि कपर अक्सिक्लोराइड ३ ग्राम प्रतिलिटरको दरले पुरै बोट भिज्नेगरी छर्कने, फेद वरिपरि सफा पारेर १ देखि १.५ हातसम्म बोर्डो पेस्टले लेपिदिने, वर्षा सुरू हुनुअगावै नयाँ पालुवा आउन लागेको बेलामा एकपटक र वर्षायाममा २-३ पटक १ प्रतिशतको बोर्डो मिश्रण स्प्रे गर्नुहोस्।



चित्रः सुन्तलाको क्याङ्कर


- सुन्तलाजात फलफूल बालीहरूमा पात खन्ने (Leaf miner) कीराको नोक्सानी कम गर्न ४ भाग पानीमा गाईको गहुँत वा नीमको पातको झोल १ भाग मिसाइ ५ दिनको फरकमा ३ पटक छर्कनुहोस्। साथै व्यावसायिक खेती गर्ने कृषकहरूले इमामेक्टिन बेन्जोएट ५% एसजी, ०.४ ग्राम प्रतिलिटर पानीमा घोलेर ७ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- केराको काइयो बनिसकेपछि बुङ्गो काटेर हटाउनाले कोसा ठूला भइ घरीको तौल बढ्ने हुँदा नियमित अवलोकन गरी बुङ्गो हटाउनुहोस्।
- ढुसीबाट केराको बोट ओइलाउने रोग देखिएमा रोग लागेको बोटविरुवा उखेलेर हटाउने, नयाँ बिरुवा सार्नका लागि रोग नलागेका क्षेत्रबाट ल्याउने तथा कार्बेन्डाजिमयुक्त विषादी १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्कनुहोस्।

कफीबाली

- कफी बगैंचामा नियमित सरसफाइ गर्नुका साथै पानी निकासको उचित व्यवस्था गर्नुहोस्।
- कफी नर्सरीमा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्नेगरी छर्कनुहोस्।
- फल वृद्धि विकासको अवस्था हेरी सूक्ष्म खाद्यतत्वको प्रयोग गर्नुहोस्।
- कफीका बिरूवा लगाईएका बगैंचाहरूमा नियमित अवलोकन गरी ५ फिटको उचाइमा आएका बिरूवाहरूको टुप्पो काट्ने र जमिनको सतहबाट १ फीट माथिसम्मका हाँगाहरू हटाई मौसमको अवस्था हेरी बोर्डोपेष्टको लेप लगाउनुहोस्।
- कफी बगैंचामा सेतो गवारोको वयस्कले फुल पार्ने समय भएकोले मदाने पासोद्वारा नियमित अनुगमन गर्नुहोस्। ओइलाएका बोट तथा हाँगाहरू काटेर जलाउनुहोस्, काण्डमा बोर्डोपेष्टको लेप लगाउनुहोस्।

तरकारीबाली

- आलु लगाउने जग्गालाई गहिरो गरी खनजोत गर्नुहोस्, जसले गर्दा माटोमा रहेका हानिकारक रोग र कीराहरू नियन्त्रण भई आलुबालीमा हुने क्षति कम हुन्छ।
- आलु लगाएको ३०-३५ दिनपछि पहिलो गोडाइ गरी प्रतिरोपनी ४.३५ केजी युरियाका दरले मौसमको अवस्था हेरी टपड्रेस गर्नुहोस्।
- खायन आलु उत्पादनका लागि लगाउने आलुको बीउ ठूलो भएमा कम्तीमा २० ग्राम तौल र २ देखि ३ वटा आँखाहरू पर्नेगरी ठाडो चिरामा काटेर लगाउनुहोस्। रोग फैलिन नदिन आलु काट्ने चक्कुलाई प्रत्येक कटाईपछि मट्टितेलमा डुबाएर निर्मलीकरण गर्नुहोस्। त्यसपछि काटेको बीउलाई प्रतिलिटर पानीमा २ ग्राम कार्बेन्डाजिम विषादी मिसाइएको घोलमा २० देखि २५ मिनेटसम्म डुबाएर उपचार गरी केही समय छहारीमा ओभाउन दिएर मात्र रोप्नुहोस्।



चित्रः ठूलो आकारको आलुलाइ आँखा राखेर काट्ने तरिका

- तराई, भित्री-मधेश तथा बेंसीमा हिउँदे आलु खेतीका लागि खुमल सेतो-३, खुमल उपहार, खुमल उज्ज्वल, खुमल लक्ष्मी, खुमल रातो-२, आइपिवाई-८, कुफ्री सिन्दुरी, डेजीरे, कार्डिनल, एमएस ४२.३ मध्ये उपलब्ध जातको बीउ भरपर्दो स्रोतहरूबाट ८०-१०० केजी प्रतिकट्ठाका दरले हावा खेल्ने ओभानो ठाउँमा फिँजाएर हरियो टुसा आउन दिनुहोस्। यसरी टुसाएको आलु रोप्नुहोस्। जग्गा तयारीको बेलामा ७५० केजी कम्पोष्ट, ७.३ केजी डीएपी, १.५ केजी युरिया र ३.३ केजी म्युरेट अफ पोटास प्रतिकट्ठाका दरले माटोमा मिलाउनुहोस्।
- धान काटेपछि धानको गाँजमा शून्य खनजोत प्रविधिबाट लसुन खेती गर्नसकिने भएकोले धानको गाँजमा सिसाकलम साइजको किल्लाले प्वाल बनाई हरेक प्वालमा लसुनको बीउ (केस्रा) ठाडो हुनेगरी रोप्नुहोस्। यसपछि जमिन ढाकिनेगरी खर वा परालले छापो लगाउनुहोस्।
- धान काटेपछि धानको गाँजमा शून्य खनजोत प्रविधिबाट लसुन खेती गर्न सकिने भएकोले धानको गाँजमा सिसाकलम साइजको किलाले प्वाल बनाइ हरेक प्वालमा लसुनको बीउ (केस्रा) ठाडो हुने गरी रोपी प्रतिरोपनी जग्गामा माथिबाट कम्पोस्ट १.५ टन, ४ केजी युरिया, १३ केजी डिएपी, ८ केजी म्युरेट अफ पोटास, १ केजी जिंक सल्फेटका दरले जमिन तयार गर्ने बेलामा सबैतिर पर्नेगरी छर्नुहोस। यसपछि जमिन ढाकिने गरी खर वा परालले छापो लगाउनुहोस्। लसुन रोपेको ३० दिनपछि ४ केजी र ६० दिनपछि ३ केजी युरिया मल टपड्रेस गरी लगत्तै गोडमेल गर्नुहोस्।
- हिउँदे तरकारीहरूको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरी फर्मालिन १ भाग १० भाग पानीमा घोली जमिन भिज्नेगरी हालेर चित्रमा देखाइए जस्तै प्लास्टिकले ७ दिनसम्म ढाकी माटो ओल्टाइपल्टाइ गर्नुहोस्।



चित्रः तरकारीको नर्सरीमा छानोको प्रयोग

- खुमल चौडापात, खुमल रातोपात, मार्फा चौडापात जस्ता रायोका ३-४ पाते बेर्नालाई हारदेखि हारसम्मको दूरी ४५ सेमी र बोटदेखि बोटसम्मको दूरी ३० सेमी हुनेगरी साँझपख सार्नुहोस्।


- मिनो अर्ली, प्युठाने रातो तथा हाइब्रिड जातका मुलाको बीउ लगाउनुहोस्।
- तराई, भित्री मधेश तथा बेंसीहरूमा काउली समूहका तरकारी बालीको बेर्ना सार्ने समय भएको हुँदा लाइनदेखि लाइनसम्मको दूरी काउली, ब्रोकाउलीको लागि ६० सेमी र बन्दा, ग्याँठ कोपीको लागि ४० सेमी तथा बोटदेखि बोटसम्मको दूरी ४०-४५ सेमी हुनेगरी रोप्नुहोस्। यसरी रोप्दा गोडमेलको समयमा झार उखेल्ने औजार (Dry land weeder) प्रयोग गरी लागत तथा समयको बचत गर्नुहोस्।
- बेर्ना सारेको १५-२० दिन भएको तरकारी बालीहरूको बोट वरिपरि रिङ बनाइ १०-१५ ग्राम युरिया प्रतिबोटको दरले टपड्रेस गर्नुहोस्।
- बोरोन (सूक्ष्म खाद्यतत्व) को कमीले काउली बालीमा देखिने खैरो धब्बाको उपचारको लागि माटो जाँच गरी बोरेक्स ५००-७०० ग्राम प्रतिरोपनीको दरले जग्गा तयारी गर्दा प्रयोग गर्नुहोस्।
- मोलिब्डेनमको कमीले काउली बालीका पातहरू साँघुरा, लाम्चा र फित्ता जस्ता हुने (Whiptail-दाबिलो आकार) भएकोले यसको व्यवस्थापनको लागी सोडियम मेलिब्डेट १०० ग्राम प्रतिरोपनीको दरले जग्गा तयारी गर्दा प्रयोग गर्नुहोस्।
- काउली बाली समूहमा लाग्ने गाँठे रोग व्यवस्थापनको लागि निम्न उपायहरू अपनाउनुहोस्।
  - निरोगी बेर्ना रोप्नुहोस्।
  - अम्लीयपना बढी भएको माटोमा यो रोग लाग्ने हुँदा बिरुवा लगाउनु एक महिनाअगाडि माटो जाँची १-२ टन प्रतिहेक्टरका दरले कृषि चुन प्रयोग गर्नुहोस्।
  - अग्लो ड्याङ पारेर बाली लगाउनुहोस्।
  - रोग लागेको खेत भएर बगेको पानी सिँचाइमा प्रयोग नगर्नुहोस्।
  - सम्भव भएसम्म सात हप्ताभन्दा कम उमेरको बेर्ना नरोप्नुहोस्।
  - रोगको प्रकोप व्यवस्थापनको लागि फ्लुजिनाम (Fluazinam) ०.२% को घोल बनाइ बोट वरिपरि ड्रेन्चिंङ गर्नुहोस्।



चित्रः काउली बर्गमा लाग्ने गाँठि रोग

- प्लाष्टिक घरमा खेती गरिएको गोलभेंडामा पात खन्ने कीरा (Tuta absoluta) अनुगमन गर्न फेरोमोन ट्रयाप वा स्टिकी ट्रयाप प्रतिरोपनी २ वटाको दरले राख्नुहोस्। बत्तीको पासोको प्रयोग गरेर वयस्क कीराहरू संकलन गरी नष्ट गर्नुहोस्। कीराको प्रकोप धेरै भएको अवस्थामा क्लोरएन्ट्रानिलिप्रोल (Chlorantraniliprole 18.5 % SC) वा स्पिनोसाड (Spinosad 45% SC) १ एमएल प्रति ३ लिटर पानीमा मिसाएर छर्कनुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरी आलोपालो प्रयोग गर्नुहोस्।
- गोलभेंडामा अगौटे र पछौटे डढुवा रोग व्यवस्थापनको लागि रोगग्रस्त बोटहरू काँटछाँट गरी हावा खेल्ने ठाउँ बनाउनुहोस्।


चित्रः गोलभेंडामा लाग्ने पछौटे डढुवा रोग


चित्रः गोलभेंडाको अगौटे डढुवा रोग

रोगी पात र हाँगाहरू निकालेपछि कार्बेन्डाजिम १२% + म्यान्कोजेब ६३% डब्लुपी (साफ) तथा फेनामिड्रोन १०% + म्यान्कोजेब ५०% डब्लुजी (सेक्टीन) विषादी आलोपालो गरी ८-१० दिनको फरकमा २ ग्राम प्रतिलिटर पानीमा घोलेर बोटहरू भिज्नेगरी २-३ पटकसम्म छर्केर उपचार गर्नुहोस्।

अन्य

- वर्षा र हावाहुरीको कारण ढलेका उखुबालीमा ४-५ वटा उखुका लाँक्रालाई एकीकृत गरी डोरीले बाँध्नुहोस्।
- माघ-फागुन महिनामा लगाइएको उखुबालीमा पहेँलिने समस्या देखिएमा माटो ओभानो भएपश्चात ०.५% युरिया र जिंक सल्फेटको घोलले ड्रेन्चिङ गर्नुहोस्।
- मौरीघारलाई सुरक्षित, पानी नजम्ने तथा हावा कम चल्ने स्थानमा राख्नुहोस्। घारमा पानी नपस्ने र पर्याप्त खाद्य भण्डार भए/नभएको सुनिश्चित गर्नुहोस्। मौरी चरनमा जान नसक्ने भएकाले खाद्य अभाव देखिएमा आवश्यकतानुसार पूरक आहार दिनुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।
- अलैँची टिपिसकेपछि फल लिइसकेका, रोगी तथा थारा लाँक्रा छुरीको सहायताले जमिनको सतह नजिकैबाट काटी पात डढुवा रोगग्रस्त भागहरू खाल्डोमा पुरिदिनुहोस्। फल टिप्दा र काँटछाँट गर्दा आगामी साल फल्ने लाँक्रा जोगाउनुहोस्। काँटछाँट गरेको भाग भिज्नेगरी १% को बोर्डोमिश्रण छर्कनुहोस्।
- अलैँचीमा प्राकृतिक रङ कायम राख्न र धुवाँको गन्ध आउन नदिन टिपिएको अलैँचीलाइ १०-१२% चिस्यान कायम हुनेगरी सुधारिएको भट्टीमा सुकाउनुहोस्।

पशुपालन

गाई, भैँसी, भेडा, बाख्रा

- वर्षातको अवधिभर पशुचौपायालाई ओसारपसार नगर्नुहोस्।
- गोठमा जमेको हिलो हटाइ भुइँमा चुना वा फिनाइल छर्कनुहोस् र गोठलाई ओभानो राख्नुहोस्।
- वर्षातको समयमा पानीका मुहानहरू दूषित भई जीवाणु र परजीवीको संक्रमण बढ्ने भएकाले १-२ थोपा क्लोरिन प्रतिलिटर पानीका दरले शुद्धीकरण गरेर मात्र पिउन दिनुहोस्।
- वर्षातमा भिजेको पशुको खुट्टा, कल्चौँडो र छालामा घाउ वा सङ्क्रमण भएमा पोभिडिन आयोडिन वा पोटास पानीले धोएर मलम (Himax, Charmil etc.) लगाउनुहोस्।
- भदौँदेखि मंसिरसम्म प्रायः भैँसीहरूले बाली खोज्नेहुँदा बाली खोजेको लक्षणहरू (जस्तै- अरू पशुमाथि उक्लन खोज्ने, सेप फाल्ने, छटपटाउने, छिनछिनमा पिसाब गर्ने आदि) याद गर्नुहोस्। भैँसीहरूले गाईको जस्तो लक्षण नदेखाई प्रायः सुषुप्त लक्षण देखाउने हुँदा बाली खोजेको समय नगुमाउन राम्ररी अवलोकन गर्नुहोस्।
- दूधालु गाईवस्तुलाई थुनेलो (Mastitis) को समस्याबाट बचाउन गोठ सफा र सुग्घर राख्नुहोस्। साथै ग्लिसिरिन र पोभिडन आयोडिन १:९ को अनुपातमा बनाइएको झोलमा दुध दुहिसकेपछि ३० सेकेण्डसम्म थुन डुबाउनु (Teat dipping) पर्दछ। यसबारे विस्तृत जानकारी अनुसूची-४ मा दिइएको छ।
- भिजेका, ढुसी परेका घाँस, पराल, दाना र अन्न पशुचौपायालाई नखुवाउनुहोस्। दाना, घाँसका कारण पेट फुलेमा अफानिल वा ब्लोटोसिल झोल औषधि गाईभैँसीलाई ५० देखि १०० एमएल र भेडाबाख्रालाई २० देखि २५ एमएल दिनको १ पटकका दरले ५ दिनसम्म खुवाउनुहोस्।
- पशुचौपायालाई खुवाउने हरियो घाँस शीत ओभाएपछिको समयमा मात्र काट्नुहोस्। घाँस काटेपछि कम्तीमा २-३ घण्टा घाम वा छाँयामा ओइलाएर पराल वा सुख्खा घाँससँग मिसाएर मात्र खुवाउनुहोस्।
- पानी जमेको वा सिमसार क्षेत्रमा पशुचौपायाहरू चराउँदा नाम्ले/माटे रोग लाग्न सक्ने भएकोले यी ठाँउहरूमा पशुचौपाया चराउन नलैजानुहोस्। पशुहरूमा नाम्लेको परजीवी देखिएमा निम्न अनुसारको उपचार गर्नुहोस्।

- अक्सिक्लोजनाइड (Oxyclozanide) १० एमजी प्रतिकेजी शारीरिक तौल अनुसार एकपटक खान दिनुहोस्। १ ग्राम बोलस प्रति १०० केजी शारीरिक तौलअनुसार तथा झोल औषधि ३०० केजी शारीरिक तौल भएका पशुलाई ९० एमएल एकपटकमा खान दिनुहोस्। भेडाबाख्रालाई २०० एमजीको एक ट्याब्लेट प्रति १५ केजी शारीरिक तौलअनुसार खान दिनुहोस्। यी औषधिहरू दुहुना, ब्याउने सबै प्रकारका पशुमा दिन सकिन्छ।
- ट्राइक्यालबेन्डाजोल (Tricalbendazole) १५ एमजी प्रतिकेजी शारीरिक तौलअनुसार खान दिँदा निकै प्रभावकारी हुन्छ। १००० एमजीको एक बोलस प्रति १०० केजी शारीरिक तौलअनुसार खान दिनुहोस्। २५० एमजीको १ ट्याब्लेट १५ केजी शारीरिक तौल भएका भेडाबाख्रालाई खान दिनुहोस्। दुहुना, ब्याउने सबै प्रकारका पशुहरूमा दिन सकिन्छ।
- लिभर टोनिक झोल वा पाउडर ठूलो पशुलाई ४०-६० ग्राम र सानो पशुलाई १५-२० ग्राम दैनिक खान दिनुहोस्।

कुखुरा, हाँस, बंगुर

- कुखुरा वा सुँगुर, बंगुरहरूमा ढुसीजन्य संक्रमण भएको अवस्थामा लिभर टोनिकहरू खुवाउनुका साथै १ ग्राम नीलोतुथो ६-८ लिटर पानीमा राम्रोसँग घोली ५-७ दिनसम्म खुवाउनुहोस्। नीलोतुथो घोलेको पानी टर्रो हुने र पशुपन्छीले नखान सक्ने हुँदा पानीमा केहि अमिलो चिजहरू जस्तै- चूक, कागतीको रस वा भिनेगर पनि हालेर खुवाउनुहोस्।
- ग्रामीण वा व्यावसायिक रुपमा पलिएका, वयस्क कुखुराहरूलाई रानीखेत रोग विरुद्ध ND Clone, ND F1 जस्ता एकल खोप वा ND+IB को मिश्रित खोप पिउने पानीमा घोलेर बिहानको समयमा दाना दिनुअघि खुवाउनुहोस्। यसरी पानीमा खोप मिसाइ खुवाउँदा दिइएको खोपयुक्त पानी एक घण्टाभित्र खाइसक्ने गरी दिनुहोस्।
- अहिलेको मौसम कुखुरामा कक्सिडियोसिस (रक्तमासी) रोग फैलिनका लागि अनुकूल छ। त्यसैले खोरको सोत्तर ओसिलो वा हिलो भएको छ, छैन नियमित हेर्नुहोस् र सोत्तरलाई सधैं सुख्खा राख्नुहोस्। यदि कुखुराले रातो वा रगत मिसिएको दिसा (छेरेको) गरेमा एम्प्रोलियम वा सुपरकक्स औषधि प्राविधिकको सल्लाहबमोजिम कुखुरालाई खुवाउनुहोस्।
- यस समयमा खुल्ला चर्न जाने कुखुराले माटो र कीरा-फट्याङ्ग्रा खानसक्ने हुनाले जुका पर्नसक्छ। कुखुराहरू स्वस्थ राख्न र राम्रो अन्डा उत्पादन लिनको लागि प्रत्येक २ महिनामा जुकाविरुद्धको औषधि र लिभरटोनिक प्राविधिकको सल्लाहमा खुवाउनुहोस्।

मत्स्यपालन

- पोखरीको प्रवेशद्वार र निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई निरन्तर अनुगमन तथा निरीक्षण गर्नुहोस्।
- कमन कार्प माछाको प्रजनन गर्ने कृषकहरूले भाले र पोथी माउमाछा छनौट गरी अलग-अलग पोखरीमा स्टक गर्नुहोस्। यसरी स्टक गर्दा भाले माउको संख्या पोथीको दोब्बर हुने गरी राख्नुहोस्।
- पंगास माछाले चिसो मौसम सहन नसक्ने हुँदा बिक्रीयोग्य साइजको माछालाई अलग्गै व्यवस्था गरी (छुट्ट्याइ) बिक्री गर्दै जानुहोस् र बाँकी माछालाई करिब २-२.५ मिटर गहिरो पोखरीमा स्टकिंग गर्नका लागि आवश्यक तयारी गर्नुहोस्।
- रेन्वो ट्राउट माछाको प्रजनन गर्ने किसानहरूले परिपक्व माउमाछा (भाले र पोथी) छनौट गरी अलगअलग रेस्वेमा राखी प्रत्येक हप्ता परिपक्व माउमाछालाई प्रजनन गर्नुहोस्। प्रजननको समयमा पानीको तापक्रम ९-१३ डिग्री सेल्सियस कायम राख्नुहोस्। साथै भिटामिन-१ ग्राम, मिनरल मिक्स्चर-१ ग्राम प्रतिकेजी दानाको दरले र फोलिक एसिड २ एमजी शारीरिक तौलको दरले दानामा मिसाइ दैनिक प्रजननको समयसम्म लगातार खुवाउनुहोस्।
- ठूला भुरा/फिंगरलिङ र खानेमाछा उत्पादनको लागि २५% प्रोटिन भएको सन्तुलित दाना शारीरिक तौलको ३-५ प्रतिशतको दरले दैनिक दिनुहोस्।
- दाना बनाउनलाई आवश्यक पर्ने कच्चा पदार्थ र तयारी दानाको बोरालाई सफा, ओभानो, सुख्खा र हावा खेल्ने कोठामा काठको फलेकमाथि राखी बेला-बेलामा निरीक्षण गर्नुहोस्।

- माछापोखरीमा तापक्रममा हुने घटबढको कारणले माछामा हुनसक्ने तनाव (Stress) र अक्सिजनको कमीबाट हुनसक्ने क्षति कम गर्न र पोखरीमा अक्सिजनको पर्याप्त मात्रा कायम राख्न प्रतिहेक्टर जलाशयमा ०.७५ केभीए क्षमताको एरेटर बिहान ४-६ बजेसम्म चलाउनुहोस्।

घाँसेबाली

- पशुचौपायालाई धेरै कडा, सुख्खा वा पुराना डाँठ भएका जंगली घाँसहरूले पाचन प्रणालीमा असर गर्ने हुँदा यस समयमा पाइने नरम र सजिलै पच्ने हरियो घाँस (जस्तै-नेपियर, गिनी, स्टाइलो, मकै, टियोसिन्टी/मकैचरी, मोलाटो, सेटेरिया आदि) खुवाउनुहोस्।
- नेपियर, टियोसिन्टी/मकैचरी, पारा घाँस तथा अन्य बहुवर्षीय घाँसहरू ४५-६० सेमी उचाइ पुगेपछि काट्नुहोस्। काटेको हरियो घाँस ओतमा राख्नुहोस्।
- यस मौसममा हरियो घाँसको उत्पादन बढी हुने भएकाले बढी भएको घाँसबाट साइलेज बनाइ सुरक्षित भण्डारण गर्नुहोस्, जसले हिउँदमा हुने घाँसको अभाव कम गर्न मद्दत पुऱ्याउँछ। साइलेज बनाउन मकै, नेपियर, मकैचरी वा अन्य हरियो घाँसलाई टुक्रा-टुक्रा पारेर हावा नछिर्ने गरी ड्रम वा साईलो पिट (खाडल) मा खाँदेर १ देखि १.५ महिनासम्म राखेपछि तयार हुन्छ। यसले हिउँदमा पनि पशुलाई हरियो घाँसको पोषण पुऱ्याउँछ र दूध उत्पादन घट्न दिँदैन।
- मध्यपहाड र तराईका लागि सिफारिस हिउँदे घाँसेबालीहरू-बर्सिम, जै, भेच तथा उच्च पहाडी तथा हिमाली भेगका लागि सिफारिस हिउँदे घाँसे बालीहरू - क्लोभर, राईग्रास, कक्स्फूट कोते, ढिम्ची, अल्फाअल्फा जस्ता घाँसका बीउ व्यवस्था गर्नुहोस्।
- हिउँदे घाँस लगाउने उपयुक्त समय भएकोले निम्न अनुसारको घाँसेबालीहरू लगाउनुहोस्।

घाँस	सिफारिस क्षेत्र	घाँसको जातहरू	बीउको मात्रा (केजी प्रतिहेक्टर)	NPK मलको मात्रा (केजी प्रतिहेक्टर)	छर्ने तरिका
बर्षिम	तराई र मध्य पहाड	ग्रिन गोल्ड ग्रिन, मेस्कावी	२०-२५	२५:६०:२५	१२ घण्टा पानीमा भिजाएर, छाँयामा सुकाइ बीउ छर्ने
भेच	तराई र मध्य पहाड	नमोई, कुटलिकोसा १	३५-४०	८०:६०:४०	जै घाँससँग मिश्रित खेती गरी छर्ने
केराउ	तराई र मध्य पहाड	भिक्टोरिया, पेलक्षण	७५-१००	२०:५०:४०	मकै छरेजस्तै गरी छर्ने
जै	उच्च पहाड	गणेश, पार्वती	१००-१२०	८०:६०:४०	गहुँ छरेजस्तै गरी छर्ने

कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विज्ञ समूह

क्र.सं	नाम थर	कार्यक्षेत्र	कार्यालय	इ-मेल	सम्पर्क फोन
१	डा. तुलसी प्रसाद पौडेल	पशु आहारा	राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार	harmfree@gmail.com	९८५१११४२७८
२	डा. श्रीप्रसाद विष्ट	माटो विज्ञान	राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार	spvista002@gmail.com	९८५१२७४९८२
३	सूर्य प्रसाद बराल	बागवानी	राष्ट्रिय फलफूलबाली विकास केन्द्र, कीर्तिपुर	spbaral23@gmail.com	९८४१५४८२८४
४	डा. सुशिल राज सुवेदी	बाली विज्ञान	राष्ट्रिय बीउ विज्ञान अनुसन्धान केन्द्र, खुमलटार	subedirajsubedi@gmail.com	९८४१५४१९२५
५	चेतना मानन्धर	बाली रोग	राष्ट्रिय बाली रोग बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार	chetana.manandhar@gmail.com	९८४१६२४१८१
६	सुदीप कुमार उपाध्याय	कीट विज्ञान	राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार	sudeeppdl@gmail.com	९८४२४३७१५३
७	डा. संजिव पंडित	पशु स्वास्थ्य	कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र, हरिहरभवन	panditsanjiv2046@gmail.com	९८४५३२९५४२
८	कुमार मणी दाहाल	बागवानी	राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार	kumarmanidahal@gmail.com	९८५१२२२९५५
९	रामेश्वर रिमाल	कृषि-मौसम	राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार	rameshwarrimal@gmail.com	९८५१०४४१३०
१०	प्रकाश कुँवर	मत्स्य विज्ञान	राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी	prakash.kunwor66@gmail.com	९८४१५८०२३५

अनुसूची-१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावली

Terms used in Weather Forecasting in Nepal

बादलको अवस्था (Cloud condition)	सफा (Fair)		No clouds in the sky	
	मुख्यतया सफा (Mainly fair)		1/8 to 2/8 (25%) sky covered by cloud	
	आंशिक बदली (Partly cloudy)		3/8 (26%) to 4/8 (50%) sky covered by cloud	
	साधारणतया बदली (Generally cloudy)		5/8 (51%) to 6/8 (75%) sky covered by cloud	
	अधिकांश बदली (Mostly cloudy)		6/8 (76%) to 7/8 (88%) sky covered by cloud	
	पूर्ण बदली (Cloudy)		8/8 (100%) or all sky covered by cloud	
वर्षाको प्रकृति (Nature of Rain)	Temporary or Brief (क्षणिक वर्षा)		Weather phenomena occur for short span of time usually less than two hours	
	Continuous (लगातारको वर्षा)		Weather phenomena occurring regularly and more often throughout the time duration	
	Intermittent (रोकिँदै हुने वर्षा)		Rain occurring and reoccurring at certain intervals	
	Widespread (व्यापक वर्षा)		Weather phenomena extensively throughout an area during specified time duration	
वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)	<10%	None used	Isolated	at one or two places (एक-दुई स्थानमा)
	10-30%	Slight Chance	Widely Scattered	at few places (थोरै स्थानमा)
	30-50%	Chance/possible	Scattered	at some places (केही स्थानमा)
	50-80%	Likely	Fairly widespread	at many places (धेरै स्थानमा)
	>80%	More likely	Widespread	at most places (अधिकांश स्थानमा)
संभावित वर्षाको मात्रा (%) = आँकलन X क्षेत्र, जहाँ आँकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने सम्भावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुनसक्ने संभावित भूभाग (%) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आँकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।				
वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)	Light rain (हल्का वर्षा)		less than 10 mm	
	Moderate rain (मध्यम वर्षा)		10 mm or more but less than 50 mm	
	Heavy rain (भारी वर्षा)		50 mm or more but less than 100 mm	
	Very heavy rain (धेरै भारी वर्षा)		100 mm or more but less than 200 mm	
	Extremely heavy rain (अति भारी वर्षा)		200 mm or more	
समयसिमा (Time Period)	Today (आज)		6 AM to 6 PM	
	Morning (बिहान)		6 AM to Noon	
	Afternoon (अपरान्ह)		Noon to 6 PM	
	Late afternoon (अपरान्हको उत्तरार्ध)		3 PM to 6 PM	
	Evening (साँझ)		6 PM to 9 PM	
	Night (राति)		6 PM to 6 AM (Next day)	

स्रोतः मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग

अनुसूची-२: गहुँबालीको लागि आवश्यक मलखाद मात्रा

भौगोलिक क्षेत्र	रासायनिक मलको मात्रा			
	डी ए पी (केजी प्रतिकट्ठा)	युरिया (केजी प्रतिकट्ठा)	म्युरेट अफ पोटास (केजी प्रतिकट्ठा)	बोरेक्स (ग्राम प्रतिकट्ठा)
पूर्वी तराई (झापा,मोरङ र सुनसरी)	३.६	८.७	२.८	४५५
मध्य तराई (पर्सादेखि सप्तरीसम्म)	३.६	८.०	२.८	४५५
पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र नवलपरासी)	३.६	८.७	२.८	४५५
सुदूरपश्चिम तराई (बाँकेदेखि कन्चनपुरसम्म)	३.६	७.६	२.८	४५५
भित्रि तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर)	३.६	७.३	२.८	४५५
पहाडी भागमा (प्रतिरोपनी)	५.५	८.८	४.२	६८२

- २०० केजी प्रतिकट्ठा वा ३०० केजी प्रतिरोपनीका दरले प्रांगारिक मल प्रयोग गर्नुहोस्।
- रासायनिक मलको प्रयोग गर्दा फस्फोरस, पोटास र बोरेक्सको पुरै मात्रा तथा नाइट्रोजनको एक तिहाइ मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाइ बाली लगाएको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाइ बाली पोटाउने बेलाभन्दा अगाडी (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

अनुसूची-३: मकैबालीको लागि आवश्यक मलखाद मात्रा

		खुला सेचित (केजी प्रतिकट्ठा)					हाइब्रिड (केजी प्रतिकट्ठा)				सबै जातहरूमा (ग्राम प्रतिकट्ठा)	
	बाली लगाउने समयमा	बाली लगाउने समयमा	२५-३० दिनपछि (घुँडाघुँडा आउने समयमा)	५५-६० दिनपछि (धानचमरा आउने बेलामा)	बाली लगाउने समयमा	बाली लगाउने समयमा	बाली लगाउने समयमा	२५-३० दिनपछि (घुँडाघुँडा आउने समयमा)	५५-६० दिनपछि (धानचमरा आउने बेलामा)	बाली लगाउने समयमा	बाली लगाउने समयमा	बाली लगाउने समयमा
अवस्था	**डीएपी**	**युरिया**			**म्यूअपो**	**डीएपी**	**युरिया**			**म्यूअपो**	**जिंक सल्फेट**	**बोरेक्स**
पूर्वी तराई (झापा,मोरङ र सुनसरी)	४.४	१.७	२.५	२.५	२.२	४.४	३.४	४.०	४.०	३.३	३१८	४५५
मध्य तराई (पर्सादेखि सप्तरीसम्म	४.४	१.४	२.८	२.८	२.२	४.४	२.६	३.३	३.३	३.३	३१८	४५५
पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी)	४.४	१.४	२.८	२.८	२.२	४.४	३.४	४.०	४.०	३.३	३१८	४५५
सुदूरपश्चिम तराई (बाँकेदेखि कन्चनपुरसम्म)	४.४	१.४	२.८	२.८	२.२	४.४	२.६	३.३	३.३	३.३	३१८	४५५
भित्री तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर)	४.४	१.७	२.५	२.५	२.२	४.४	३.४	४.०	४.०	३.३	३१८	४५५
पहाडी भागमा (प्रतिरोपनी)	६.५	२.९	३.८	३.८	३.३	६.५	४.०	४.९	४.९	५.०	४७६	६८२

- ३४० केजी प्रतिकट्ठा वा ५०० केजी प्रतिरोपनीका दरले प्रांगारिक मल प्रयोग गर्नुहोस्।

अनुसूची-४: थुनेलो रोगको उपचार विधि

- दुध बेला-बेलामा (सामान्य भन्दा धेरै पटक) दुहुनु पर्दछ ताकि कल्चौडोमा पर्ने दवाव कम होस्।
- यदि दुध आएको छैन भने किटाणु रहित पारेको थुनभित्र राख्ने नली (जसलाई Teat syphon/Teat canula भनिन्छ) थुनमा भित्र घुसाउने र भित्रिएको दुध सबै निकाल्ने।
- सबै दुध निकालेपछि क्यानुलालाई बाहिर निकाल्ने, कल्चौडो र थुनलाई विहान बेलुका राम्रोसँग सेकी दिने।
- यदि दुध पानी जस्तो रगत मिसिएको पिप जस्तो भएमा जिवाणुको कारणबाट थुनेलो भएको रहेछ भनी बुझ्नुपर्दछ। त्यस्तो अवस्थामा पशुलाई एन्टीवायोटिक सुई दिने सबै दुध निखारेर मात्र थुनमा औषधी राख्ने।
- नसुन्निने, नदुख्ने सुई दिने र विभिन्न प्रकारका मल्हम पाइन्छ ती मध्ये कुनै एक लगाईदिने।
- त्यस्तो अवस्थामा पशुलाई राम्रो दानापानी दिने।

ध्यान दिनुपर्ने कुराहरू

- दुध दुहुने मान्छेले नङ नपाल्ने र हात सफा राख्ने गर्ने।
- दैनिक दुध दुहुनु भन्दा पहिले कल्चौडो सफा गर्ने।
- प्राविधिकले दिएको सल्लाह पूर्णतया पालना गरी औषधीहरू प्रयोग गर्ने।
- थुनेलो रोग लागेको थुन वा जनावरलाई अरु पशुहरू दुहिसकेपछि मात्र दुहुने गर्ने।
- दुहुनो पशुको गोठ सफा राख्ने।